STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np
BRANCH OFFICE : Campus Road 06, Waling, Syangja 9800074678

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असार १४ गते सोमबार ❑ 28 June 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

कालीगण्डकी डाइभर्सन नरोकिए संघर्षमा उत्रने गण्डकी सरकारको चेतावनी

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

कालीगण्डकी डाइभर्सन राष्ट्रघात हो ।
कालीगण्डकी सभ्यताको रक्षा गरौं ।।
विकासको नाममा हुन लागेको सभ्यता
नासको खुलेर विरोध गरौं ।।
आयोजक
विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समिति

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले सिंगो प्रदेशको भावनालाई कुल्चेर कालीगण्डकी डाइभर्सन योजना सुरु गर्न लागेको भन्दै यसलाई कुनै हालतमा सफल हुन नदिने बताएका छन् ।

उनले भने, 'प्रदेशको भावनाविपरीत जाने प्रयास भएमा हामीहरु सहेर बस्दैनौं यहाँका सम्पूर्ण नागरिकलाई उतारेर भए पनि योजना सफल हुन दिँदैनौं ।' विश्व हिन्दु महासंघसहित विभिन्न संघसंस्थाका तर्फबाट आइतबार ध्यानाकर्षण पत्र बुझ्दै मुख्यमन्त्री पोखरेलले केन्द्र सरकारसँग गरेको आग्रह पालना नभएमा र प्रदेशको आवाजको सुनुवाई नभएमा संघर्षमा उत्रन तयार रहेको उनको भनाइ थियो । मुख्यमन्त्री पोखरेलले यो कार्यलाई प्राकृतिक स्रोतको बाँडफाडलाई ख्यालै नगरी संविधान मिच्ने र संघीयतालाई कमजोर बननाउने खेलको संज्ञा दिए । रुपन्देही र कपिलवस्तुको जमिन सिँचाइ गर्नका लागि राप्ती र तिनाउको पानी पर्याप्त रहेको भन्दै उनले कसैको निहीत स्वार्थका लागि यो योजना अघि सारिएको भनाइ राखे ।

डाइभर्सन आयोजनाका बारेमा साझा धारणा बनाएर अघि बढ्न प्रदेश सरकारले सोमबारका लागि सर्बपक्षीय बैठक डाकेको छ । राजनीतिक दल, जनप्रतिनिधि, उद्योगी व्यवसायी नागरिक समाजका अगुवालाई बैठकमा डाकिएको छ । कार्यक्रममा सरकारका प्रवक्ता तथा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री कुमार खड्काले परियोजनाको लगानी र त्यसबाट हुनसक्ने लाभका बीचमा कुनै तालमेल नै नमिलेको भनाइ राखे । उनले प्रदेश सरकार यो योजनाका बारेमा प्रष्ट रहेको भन्दै सांस्कृतिक, पर्यटकीय, आर्थिक र राजनीतिक महत्वसमेत बोकेको कालीगण्डकीमाथि अहिले बेमाइनपूर्ण काम हुन लागेको बताए । उनले भने, 'हामी प्रतिपक्षमा रहेका बेलामा समेत सशक्त आवाज उठाएको हो, सिंगो प्रदेश सभामा कालीगण्डकी डाइभर्सनको विरोधमा छ । नागरिकलाई साथमा लिएर यो आयोजना बिफल बनाएरै छाड्छौं ।'

अहिले भनेजसरी तिनाउमा पानी मिसाउने हो भने हिउँदका बेलामा देवघाटमा पानी नै नहुने भन्दै उनले योभन्दा पहिला देवघाटलाई बचाएर नवलपुरको जमिनमा सिँचाइ हुने गरी परियोजना निर्माण भए पनि त्यो कार्यान्वयनमा आउन नपाउँदै कालीगण्डकी तिनाउतिर मिसाउन खोजिएको आरोप लगाए । कालीगण्डकी तिनाउतिर लैजाँदा चितवन राष्ट्रिय निकुन्जसमेत प्रभावित हुने भन्दै त्यहाँ रहेका गोही घडियालजस्ता जन्तु संकटमा पर्ने बताए । संघ सरकारले एकातिर जल खेलकुद र अर्कोतिर पानीजहाजको कुरा गर्ने अनि त्यही कालीगण्डकीको पानी तिनाउमा मिसाउने योजना बुन्नु आफैंमा विरोधाभाषपूर्ण रहेको उनको भनाइ थियो । प्रदेश सांसद तथा नेपाली कांग्रेस नवलपुर सभापति विष्णुप्रसाद लामिछानेले यो परियोजनाका बारेमा सुरुदेखि नै स्थानीय तहबाटै विरोध हुँदै आउँदासमेत केन्द्र सरकारले बेवास्ता गरेको बताए । उनले भने, 'डाइभर्सन गर्दा हुने खतराका बारेमा हामीले प्रभावित क्षेत्रका बासिन्दासँग बारम्बार छलफल गरेका छौं, यो परियोजना कहींबाट निर्देशित र परिचालित छ ।' समग्र कालीगण्डकी क्षेत्रको विकासका लागि कालीगण्डकी क्षेत्र विकास प्राधिकरण आवश्यक पर्ने सुझाव उनको छ ।

प्रतिनिधिमण्डको प्रतिनिधित्व गर्दै पूर्व सांसद एवं कालीगण्डकी संरक्षण अभियानका अगुवा शंकर पाण्डेले संसारभरका ३ अर्बभन्दा बढी हिन्दु धर्मावलम्बीको आस्थाविपरीत हुन लागेको यो काम पर्यावरणीय दृष्टिकोणबाट समेत हानिकारक रहेको भनाइ राखे । उनले भने, 'शालिग्राम शिलालाई गर्भमा राखेर बहेको नदीलाई अप्राकृतिक रुपमा अन्तै लैजान खोज्नु कुनै पनि पक्षमा राम्रो हुन सक्दैन, यसलाई रोक्न प्रदेशवासी एकजुट हुनुपर्छ ।'

केदारेश्वर महादेव मणि सेवाश्रम समितिका पीठाधीश डा. लेखनाथ आचार्यले पछिल्ला दिनमा बढ्दै गएको देवघाटधामको महत्वबाट आरिश गर्नेहरुबाट कालीगण्डकी डाइभर्सन परियोजना निर्देशित रहेको भनाइ राखे । 'उनले भने काशी, हरिद्वार र ऋषिकेषको महत्व गंगाकै कारणले भएको हो, जब देवघाटमा पानी नै हुँदैन भने कसरी तीर्थस्थल हुन्छ ? काशीको विकल्प देवघाट बन्दै गएको छ, देवघाटको महत्व घटाउन खेलिएको षड्यन्त्र हो यो ।' उक्त अवसरमा राष्ट्रिय ब्राह्मण समाज तथा प्राज्ञ सभाका अध्यक्ष डा. नारायण अधिकारीले गौरवपूर्ण संस्कृति र सभ्यता बोकेको नदीमाथिको आक्रमण कुनै हालतमा सह्य नहुने भनाइ राखे । विश्व हिन्दु महासंघका केन्द्रीय उपाध्यक्ष शंकर खरालले भारतलाई रिझाउन र खुसी पार्न यो चाल रचिएको भन्दै नेपालको पर्यावरण बिगारेर भारतीय भूमिमा सिँचाइ गर्ने उद्देश्यका साथ यो परियोजना अघि सारिएको भनाइ राखे । संस्कृत क्याम्पसका प्रमुख डा. जगन्नाथ रेग्मीले प्राकृतिक सम्पदालाई बचाउनुको साटो दोहन गर्नेतिर लाग्ने सरकारको नीति बुझिनसक्नु रहेको बताए ।

कालीगण्डकी बचाउन अभियानका अभियन्ता कुलराज चालिसेले कालीगण्डकी सीमा नदीमा नभएर यसले समस्त राष्ट्रको प्रतिनिधित्व गर्ने भन्दै अबुझपूर्ण निर्णय नगर्न चेतावनी दिए । विश्व हिन्दु महासंघ कास्की अध्यक्ष पार्वती पौडेलले समस्त हिन्दुहरुको आस्थामाथि प्रहार गर्दै वातावरण विनाश र जैविक विविधता खलबल्याउने अधिकार कसैसँग नरहेको बनाइ राखिन् ।

उक्त अवसरमा नेपाली कांग्रेस स्याङ्जाका कावा सभापति कुमार राना, विश्व हिन्दु महासंघ कास्कीका महासचिव कमल पौडेल, सचिव मेनुका बराल, महासंघ नगर महिला समिति अध्यक्ष दुर्गा बास्तोला, पवन नेपाल, तीलक पौडेल, प्रेमराज पौडेल, अर्जुनकुमार पौडेल, हरिचन्द्र आचार्य, भानु भण्डारी क्षितिजलगायतले सुझाव दिएका थिए ।

गण्डकी प्रदेशका मन्त्रीलाई जिम्मेवारी

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

गण्डकी प्रदेशमा गत जेठ २९ गते गठित मन्त्रीपरिषद्का सदस्यलाईमन्त्रालयकोजिम्मेवारी दिइएको छ ।

मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख सीताकुमारी पौडेलले मन्त्रीद्वय कुमार खड्का र मधुमाया अधिकारी गुरुङलाई मन्त्रालयको जिम्मेवारी सुम्पिएकी छन् ।

मन्त्री खड्कालाई शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको जिम्मेवारी दिइएको छ भने गुरुङलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी प्रदान गरिएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

अन्य मन्त्रालय मुख्यमन्त्री मातहत नै रहेका छन् ।

विना विभागीय रहेका मन्त्री हरिशरण आचार्य र राजीव गुरुङ(दीपक मनाङे)लाई जिम्मेवारी दिइएको छैन ।

एमाले महाधिवेशन आयोजक कमिटी असार १६ मा

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

नेकपा (एमाले) को दशौँ राष्ट्रिय महाधिवेशन आयोजक समितिको बैठक यही असार १६ गतेका लागि तय गरिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा सम्पन्न आइतबारको स्थायी कमिटी बैठकले मुलुकको पछिल्लो राजनीतिक अवस्था, सर्वोच्च अदालतमा विचाराधीन प्रतिनिधिसभा विघटनको मुद्दा, दलको महाधिवेशन आयोजक कमिटीमाथि उठाइएका विवादलगायत विषयमा छलफल गर्न सो दिन बिहान ११ बजे बैठक डाकिएको दलका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । एमालेको गत फागुन २८ गतेको केन्द्रीय कमिटीको बैठकले आयोजक कमिटी गठन गरेको थियो ।

सो निर्णयमा नेता माधवकुमार नेपाल पक्ष असन्तुष्ट रहँदै आएकामा वार्ता र संवादबाट दलको एकता कायम राख्ने कोशिश भइरहेको छ । एमालेका अध्यक्ष केपी शर्मा ओली २०७५ जेठ २ गतेको साङ्गठनिक स्थितिका आधारमा दललाई अघि बढाउन तत्पर भए पनि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने प्रस्तावमा जोडिएका नेपाल पक्षका केही तत्कालीन सांसद्ले हस्ताक्षर फिर्ता गर्न नमानेका कारण एकता वार्तामा थप समस्या आएको छ । आजको बैठकमा बाढीपहिरो प्रभावित क्षेत्रमा सरकारले गरिरहेको राहत, उद्धार र रोकथामका पहलबारे समीक्षा भई त्यसलाई अझै प्रभावकारी बनाउन सुझाव दिइएको नेता ज्ञवालीले बताए ।

पोखरा महानगरका सेवा सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

कोरोना भाइरस सङ्क्रमणको सम्भावित जोखिम रोकथामका र नियन्त्रणका लागि गत वैशाख दोस्रो सातादेखि बन्द पोखरा महानगर सबै सेवा आइतबारदेखि सञ्चालनमा आउने भएका छन् ।

महानगरपालिका कार्यालय, महाशाखा, शाखा तथा ३३ वटै वडा कार्यालयमा सुरक्षाका मापदण्डको पूर्ण पालना गराउँदै सेवा सञ्चालन गरिएको प्रमुख प्रशासकीय अधिकृत महेश बराललले बताए । कोरोनाको दोस्रो लहर शुरु भएसँगै जारी निषेधाज्ञाका अवधिमा महानगरका अत्यावश्यक बाहेकका अन्य सेवा स्थगन गरिएको थियो । जिल्ला प्रशासन स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञा केही खुकुलो गरिएकाले सेवा पूर्णरूपमा सञ्चालनमा ल्याइएको महानगरले जनाएको छ । निषेधाज्ञाका कारण लामो समय सेवा बन्द हुँदा सेवाग्राही प्रभावित बनेका थिए ।

जिल्लाका अन्य कार्यालयले समेत सेवा शुरु गरेका छन् । जिल्ला प्रशासन कार्यालय, मालपोत, नापी, यातायातलगायतका अन्य कार्यालयले पनि कोटा निर्धारण गरेर सेवा शुरु गर्ने भएका छन् । केही कार्यालयले असार ११ गतेदेखि सञ्चालनमा आएको र अधिकांश आजदेखि सञ्चालन हुने जनाइएको छ । जिल्लास्थित कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धित कार्यालयको कामको प्रकृति र आवश्यकतालाई प्राथमिकीकरण गरी आलोपालो गर्ने गरी व्यवस्था मिलाइएको प्रमुख जिल्ल्ला अधिकारी थानेश्वर गौतमले जानकारी दिए । कोभिड-१९ प्रकोपका कारणबाट हुने क्षति एवं सङ्क्रमणदरमा केही कमी भएको तथ्याङ्कबाट देखिएकाले जारी निषेधाज्ञाको आदेशलाई केही सहज र खुकुलो पारिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । सङ्क्रमण रोकथाम र व्यवस्थापनका लागि जिल्लाभर यही असार १५ गते राति १२:०० बजेसम्म निषेधाज्ञाको आदेश जारी गरिएको छ ।

मुस्लिम संघ गण्डकी प्रदेशले बुझायो ज्ञापनपत्र

पोखरापत्र संवाददाता
स्याङ्जा, १३ असार

नेपाल मुस्लिम संघ गण्डकी प्रदेश कार्यसमितिले प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीलाई ज्ञापनपत्र बुझाएको छ । संघले मुस्लिम समुदायको अधिकारलाई स्थापित बनाउन भन्दै ७ बुँदे ज्ञापनपत्र बुझाएको हो ।

मुस्लिम संघले बुझाएको ज्ञापनपत्र ग्रहण गर्दै मुख्यमन्त्री नेपालीले संघले उठान गरेकामागहरुलाई यथोचित रुपमा कानुन बनाएर सम्बोधन गर्ने प्रतिबद्धता जनाए । उनले संघले माग गरेका बुँदाहरु समय सापेक्ष रहेको भन्दै मागलाई सम्बोधन गर्न प्रदेश सरकार सकारात्मक रहेको बताए । ज्ञापनपत्र बुझाउँदै मुस्लिम संघ गण्डकी प्रदेशका सभापति हाजीशा महोम्मद मियाँले राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणमा मुस्लिम समुदायले ठूलो योगदानदिएको चर्चा गरे । उनले मुस्लिम समुदायको योगदानलाई राज्यले नसम्झेकोमादुःख समेत व्यक्त गरे ।

पोखरा स्थित मुख्यमन्त्रीको कार्य कक्षमा ज्ञापनपत्र बुझाउँदै संघले मुख्यमन्त्रीलाई सफल कार्यकालको शुभकामना र बधाई व्यक्त गरिएको थियो । ज्ञापनपत्र बुझाउँन संघका पदाधिकारी, संविधासभा सदस्य राजु थापा, नेपाली काँग्रेस स्याङ्जा क्षेत्र नं. १ का क्षेत्रिय सभापति तुलसीराम रेग्मी र मुस्लिम संघ स्याङ्जाका अध्यक्ष अलिमियाँको सहभागिता रहेको थियो ।

संघले मुख्यमन्त्रीलाई बुझाएको ७ बुँदा ज्ञापनपत्रमा मुस्लिम समुदायको हकहित र पहिचानको रक्षा गरियो, प्रदेशमा रहेका मुस्लिम समुदायको आधार भूत शिक्षाको व्यवस्था गरियोस, समुदायका गरिब र जेहेन्दार तथाविपन्न परिवारका सदस्यलाई उच्चको व्यवस्था गरियो भनिएको छ । त्यसैगरी प्राविधिक, मेडिकल तथा व्यवसायीक शिक्षा आर्जनको सुनिश्चिता गरियो, मदर्शा शिक्षाको शिक्षण क्रियाकलाप भौतिक पूर्वाधारको व्यवस्थापन गरियोस, मुस्लिम समुदायको चाडपर्वमा सार्वजनिक विदाको व्यवस्था गरियोस र प्रदेशमा रहेका मस्जिद, मदर्शा तथा कब्रस्थानको संरक्षण गरियो भन्ने माग गरिएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ
पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

विद्यार्थीलाई निःशुल्क पुस्तक व्यवस्थापनमा सक्रिय शिक्षक

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

बाबु नानी पास भए। लकडाउन छ। न राम्रो कमाइ छ। न समयमा तलव पाइन्छ ? जसको हर्‍यो उस्तै उस्तै । नयाँ शत्र शुरु भयो भर्ना गर्नै पर्ने। अनलाइन शुरु भयो किताब किन्नै पर्ने । हरेक अभिभावकको टाउकामा पहाड रुपी भारी । त्यो भारी बुज्ने न विद्यालय छ । न सरकार नै छ।

ती सवै समस्यालाइ चिरेका छन् भद्रकालीका शिक्षकले । विषम परिस्थितिमा विद्यार्थी र अभिभावकलाइ पुस्तकमा परेको चिन्तालाइ समाधान गर्न पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली माविमा अध्यापन गराउने शिक्षक तथा निःशुल्क पुस्तक सहयोग, निःशुल्क पुस्तक ग्रहण



अभियाननका संयोजक विशाल गुरुङले यो अभियान चलाएको भने ।

कोरोनाले शैक्षिक क्षेत्रलाई समेत नराम्रो सँग असर पारेको अवस्थामा भद्रकाली मावि का शिक्षकहरुले 'पुरानो किताब, नयाँ ज्ञान : Book Bank अभियान' मार्फत विद्यार्थीहरुबाट पुरानो किताबहरु संकलन गरी नयाँकक्षामा उत्तिर्ण विद्यार्थीहरुलाई केही दिन देखी हस्तान्तरण गर्दै आइरहेको संयोजक गुरुङले वताए। पुस्तक व्यवस्थापन गर्न पृतमकुमार श्रेष्ठ र शिला गुरुङ सदस्य रहेको अभियानमा अन्य शिक्षकहरुको पनि उल्लेखनीय भुमिका रहेको संयजोक गुरुङले चर्चा गरे। यो पवित्र कार्यमा आइतवार चार देखि १० कक्षा अध्ययन गर्ने ५०० भन्दा बढि विद्यार्थीहरु यस अभियानमा जोडिदै एक अर्कालाई सहयोग गरी पुस्तक ल्याउने र दिने भइरको गुरुङले भने । किताब कहिले पुरानो हुदैन त्यस भित्रका ज्ञान सधै नयाँ रहन्छन् भन्दै संयोजक शिक्षक विशाल गुरुङले यो परिवेशमा विद्यार्थीहरुलाई सहयोगको आवश्कता छ भनी हामी शिक्षकहरु जोडिएका हौं भने । पुस्तकमात्र नभै आगमी दिनमा कापी र कलम पनि निःशुल्क वितरण गरिने संयोजक गुरुङले भने । कापी र कलममा पनि वडा नं १३ का स्थानीय समाजसेवीहरुले सहयोग गर्ने वचन दिइसकेका गुरुङले जानकारी गराए।

वर्तमान समयमा हरेक अभिभावकलाइ किताववले छटपटी बनाएपछि अभिभावकको पुरानो पुस्तक संकलन गरि वितरण गर्ने माग सुनेपछि सो अभियानमा सहभागी भएको अभियानका सदस्य तथा शिक्षक पृतमकुमार श्रेष्ठले वताए । अभियानले धैरै अभिभावकलाइ खुशी वनाएकोमा आँफुलाइ आत्मसन्तुष्टी मिलेको अभियानका सदस्य तथा शिक्षक शिला गुरुङले खुशी व्यक्त गरिन्।

प्रगतिपथमा प्रदीप

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

प्रदीप खड्का नेपालका पूर्व नम्बर १ लन टेनिस प्लेयर हुन् । १३ औं दक्षिण एशियाली खेलकुद (साग) मा टिम इभेन्टतर्फ कास्य पदक जित्न सफल खड्काको खेल जीवनमा यी र यस्तै थुप्रै मेडलले घरको भित्ता सजिएको छ।

२३ वर्षीय खड्काको खेल जीवन २०६५ सालदेखि सुरुआत भएको हो । लनटेनिसमै १३ वर्ष बिताइसकेका उनले आफूलाई अझ निखारलता ल्याउन माल्दिभ्समा थप कोर्स पनि पूरा गरेका छन् । माल्दिभ्समै रहँदा उनले अकु टेनिस एकेडेमीमा कोचको भूमिका पनि निर्वाह गरेको बताएका छन्।

पोखरा महानगरपालिका ५, पर्स्याङ जन्मेका खड्काको स्थायी ठेगाना नेपालको पूर्वी जिल्ला ओखलढुंगाको सिस्नेरी-३ हो । बाबु लालबहादुर खड्का र आमा रत्नमाया खड्काका छोरा प्रदीपले पोखराकै वाराही माविबाट २०७२ सालको एसएलसी पूरा गरेका हुन्।

पढाइ र खेलसँगसँगै अगाडि बढाएका उनले आठौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ओपन डबल्सतर्फ रजत, मेन्स सिंगल्सतर्फ कास्य, मेन्स टिम इभेन्टसमा कास्य पदक जितेका थिए। त्यस्तै सातौं राष्ट्रिय खेलकुदमा टिम इभेन्टसतर्फ गोल्ड मेडल नै हात पारेको रेकर्ड छ।

लुम्बिनी ओपन नेश्नल लन टेनिस टुर्नामेन्टमा लगातार २ वटा संस्करणमा क्रमशः मेन्स सिंगल्स इभेन्ट र मेन्स डबल्स इभेन्सका विजेता उनै खड्का सन् २०१९-०२० मा नेपालका नम्बर नं. १ टेनिस खेलाडी हुन् । उनी सातौं सिटिजन्स् बैंक ओपन टेनिस टुर्नामेन्टसमा मेन्स सिंगल्सतर्फ रनरअप हुँदा १७ औं माछापुच्छ्रे बैंक ओपन एण्ड भेटेनान्स टेनिस टुर्नामेन्टसअन्तर्गत मेन्स डबल्समा सेकेण्ड रनर अप हुन सफल भएका थिए।

साथै दोस्रो ललितपुर डिष्ट्रिक्ट नेश्नल ओपन लन टेनिस टुर्नामेन्टमा मेन्स सिंगल्समा सेकेण्ड रनर अप, १० औं सहवीर मेमोरियल ओपन लनटनिसमा मेन्स सिंग्लसमा सेकेण्ड रनर भए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको पाँचौं पोखरा स्पोर्टस् अवार्डमा उनै प्रदीप खड्का वर्ष उदीयमान खेलाडी विधामा मनोनीत हुन सफल भएका छन् । उत्कृष्ट ३ मनोनयनमा परेकोमा आफूलाई निकै खुसी लागेको उनले टेलिफोनमार्फत प्रतिक्रिया दिए । उनले भने, 'खेल्दै जाँदा मूल्यांकन हुँदो रहेछ । प्रतिष्ठित स्पोर्टस् अवार्डको मनोनयनमा पर्नु आफैमा खुसीको विषय हो।'

यो विधामा प्रदीपसहित पौडीकी दुवाना लामा र क्रिकेटका विपीन खत्री पनि मनोनयनमा परेका छन् । तीमध्ये उत्कृष्ट एक जनाले नेपाल खेलकुद पत्रकार दिवस अवसरमा असार १८ मा हुने स्पोर्टस् अवार्डमा नगद ३५ हजारसहित अवार्ड हात पार्ने छन्।

बिहानी सहकारीद्धारा सहारा एकेडेमीलाई स्टेशनरी सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

पोखराको बिहानी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले पोखरा १७ मा रहेको सहारा फुटवल एकेडेमीका वालकहरुको लागि स्टेशनरीका सामान सहयोग हस्तान्तरण गरेको छ।

सहकारीको १३ औं बार्षिकोत्सको अवसरमा संस्थाका पदाधिकारीको टोली आइतबार एकेडेमी परिसरमै पुगेर १० हजार मुल्य बराबरको स्टेशनरीका सामान सहयोग हस्तान्तरण गरेको सहारा क्लवका महासचिव रामजी प्रसाद अधिकारीले बताए।

संस्थाका अध्यक्ष धर्मराज भण्डारी, उपाध्यक्षहरु हरीकृष्ण तिवारी, सुसिला अधिकारी सिग्देल, सचिव सुजन अधिकारी, कार्यक्रम संयोजक प्रेम गिरी लगायतको टोलीले सहारा क्लवका बरिष्ठ उपाध्यक्ष हरीराम गुरुङ, उपाध्यक्ष एवं एकेडेमी संयोजक विश्वराज बराल लगायतको टोलीलाई उक्त सामाग्री सहयोग हस्तान्तरण गरेको हो।

यसैबिच, पोखरा पृथ्बीचोक निवासि पुर्व फुटवल खेलाडी हिराकाजी श्रेष्ठ र बिष्णुमाया श्रेष्ठ परिवारले सहारा एकेडेमीलाई १० थान फुटवल सहयोग हस्तान्तरण समेत गरेका छन्। फुटवलका प्रशिक्षक किरण श्रेष्ठका बाबु आमाले एकेडेमीका बालाकहरुलाई थप हौसला प्रदान गर्न उक्त सहयोग गरेको जनाए । सहारा एकेडेमीमा हाल करिब १४ जिल्लाका २५ जना बालकहरु रहेका छन्।

बाढी प्रभाव नियन्त्रणका लागि सहमति

पोखरापत्र संवाददाता
पोखरा, १३ असार

बर्सेनि बर्सातको समयमा हुने बाढीसँगै नहरमा अव्यवस्थितरूपमा आउने पानीले पोखरा महानगरपालिका-३२ का विभिन्न स्थानका घरहरू डुबानमा पर्न थालेपछि सरोकारवालाबीच छलफल गरी बाढी प्रभाव नियन्त्रणका लागि सहमति गरिएको छ।

बर्सातको पानीका साथै विजयपुर सिँचाइ आयोजना र गडुवा खोलाको पानी तथा बेगनास ताल जल उपभोक्ता संस्थाको बिसिटु सिँचाइ आयोजनाबाट अनियन्त्रित भई आउने पानीका कारण पर्ने गरेको असरलाई दीर्घकालीन रूपमा समाधान गर्न पोखरा-२६, २७, २९, ३० र ३२ का वडाध्यक्षसहित सरोकारवालाबीच पानीको निकासलाई व्यवस्थित गर्ने सहमति गरिएको हो । बाढी नियन्त्रण तथा व्यवस्थापन समिति पोखरा-३२ का अध्यक्ष शिवजी लामिछानेका अनुसार विजयपुरदेखि आउने बगादी खोलाको पानी पोखरा-२६ डाँडाको नाकस्थित प्रहरी चौकीको दक्षिणतर्फ हुँदै सेती नदीमा कटाउने सहमति बनेको छ। त्यस्तै पोखरा-३० स्थित बाँधाको रह क्षेत्रबाट पनि पानी कटाउने गरी वडा कार्यालयसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो । नहरमा आउने पानीलाई व्यवस्थित नगरिँदा यस क्षेत्रमा सिँचाइ जस्तो नभएर खहरे खोला जस्तो बन्दा बर्सेनि समस्या बढिरहेको स्थानीयवासीको गुनासो छ। यस वर्ष केही दिनअघि मात्रै लगातारको वर्षासँगै नहरमा पानी बढेपछि यस क्षेत्रका टाँडी, कालिका चोकलगायत स्थानका घर डुबानमा परेका थिए।

काँग्रेसमा वडादेखि केन्द्रसम्म महिला सहभागिता बढाउन माग

रासस
काठमाडौं, १३ असार

नेपाली काँग्रेसका नेताहरूले वडा तहदेखि केन्द्रसम्म महिला सहभागिता बढाउँदै लैजानुपर्ने बताउनुभएको छ।

लोकतान्त्रिक सचेतना अभियानले आज यहाँ आयोजना गरेको '१४ औँ महाधिवेशनमा महिला तथा युवा नेतृत्व, सम्भावना र चुनौती' विषयक भर्चुअल अन्तर्क्रियामा नेताहरूले वडा तहदेखि नै महिला र युवाको सहभागिता बढाउनुपर्ने बताउनुभएको हो।

कार्यक्रममा काँग्रेस केन्द्रीय सदस्य सुजाता कोइरालाले काँग्रेसभित्र वडा तहदेखि केन्द्रसम्म नै महिला सहभागिता बढाउँदै लैजानुपर्ने बताउनुभयो । उहाँले महिला क्षमतावान र सक्षम भएपनि नेतृत्वका लागि पार्टीभित्रबाटै असहयोग हुने गरेको गुनासो गर्नुभयो। स्थानीय तहमा महिला सहभागिता विस्तारै बढ्दै गए पनि केन्द्रमा भने अत्यन्त न्यून रहेको उहाँको भनाइ थियो। काँग्रेस केन्द्रीय सदस्य डा शेखर कोइरालाले पार्टीभित्रको पदाधिकारीमा महिलालाई स्थान दिनेबारे विधान बनाउँदा कमजोरी भएको बताउनुभयो । "आगामी महाधिवेशनबाट काँग्रेस पदाधिकारीमा युवाहरू आउनु पर्दछ" उहाँले भन्नुभयो । अर्का केन्द्रीय सदस्य गगनकुमार थापाले पार्टी विधि र विधानमा चल्न नसक्दा अहिलेको अवस्था आएको बताउनुभयो । "पार्टीभित्र विधि र विधानको शासन हुनुपर्छ, व्यक्तिको शासन होइन," उहाँले भन्नुभयो। तल्लो तहबाट नै पार्टीलाई समावेशी बनाउनुपर्ने उहाँको भनाइ थियो । केन्द्रीय सदस्य सीता गुरुङले काँग्रेससँगै स्थापना भएको नेपाल महिला सङ्घले अहिलेसम्म पार्टीको नेतृत्व गर्न नपाउनु दुःखद् कुरा भएको बताउनुभयो।

पार्टीभित्र महिला अधिकारका लागि अझै लड्नुपर्ने अवस्था रहेको छ भन्नुभयो । अर्का केन्द्रीय सदस्य सरिता प्रसाईँले काँग्रेसले नयाँ र पुराना क्रियाशील सदस्यतालाई समेटेर अगाडि बढाए मात्र पार्टी बलियो हुने बताउनुभयो । पार्टीभित्रका भ्रातृ र शुभेच्छुक संस्थाको समयमा महाधिवेशन हुन नसक्नु दुःखद् भएको उहाँको भनाइ थियो।

सो अवसरमा नेपाल महिला सङ्घकी महासचिव धना खतिवडा, काँग्रेस पाँचथरका सभापति नरेन्द्र केरुङ, ताप्लेजुङका सभापति लीला वोखिमलगायतले केन्द्रीय कार्यसमितिमा महिला सहभागिता बढाउनु पर्नेमा जोड दिनुभयो।

थप १,९२० मा कोरोना पुष्टि

रासस
काठमाडौं, १३ असार

पछिल्लो २४ घण्टामा थप एक हजार ९२० जनामा कोरोना भाइरस (कोभिड-१९) सङक्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा छ हजार जनामा पीसीआर परीक्षण गर्दा एक हजार ३५३ मा कोरोना सङ्क्रमण पुष्टि भएको हो । त्यसैगरी ती हजार ८३६ जनामा एन्टिजेन परीक्षण गर्दा ५६७ जनामा गरी जम्मा एक हजार ९२० जनामा सङ्क्रमण भएको हो।

योसँगै नेपालमा हालसम्म ६ लाख ६५ हजार ७७७ जना कोरोना सङ्क्रमित भएका छन् । बितेको २४ घण्टामा उपत्यकामा ४२४ जना सङ्क्रमित थपिएका छन्।

घण्टामा थप ३ हजार ७ जना निको भएका छन् । गत २४ घण्टामा कोरोना कारण ३४ जनाको मृत्यु भएको छ।



यस्ता लक्षणहरु देखा परेमा नजिकको तोकिएको स्वास्थ्य केन्द्रमा सम्पर्क गर्ने ।
यस रोगको संक्रमणको जोखिमबाट बच्नको लागि निम्न उपायहरु अपनाउनुपर्छ ।

ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्ने

खोक्दा हाच्छ्युँ गर्दा नाक मुख टिस्यु पेपर वा कुहिनाले छोप्ने र प्रयोग गरेको टिस्यु पेपरलाई बिर्को भएको फोहर फाल्ने भाँडोमा फाल्ने र साबुन पानीले मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

भिडभाडमा नजाने र अरूलाई पनि नजान सुझाव दिने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने

बेलाबेलामा साबुन पानीले कम्तिमा २० सेकेन्ड मिचिमिचि हात धुने वा अल्कोहल भएको स्यानिटाइजर प्रयोग गर्ने

कोरोना प्रभावित देशबाट आएको व्यक्तिहरूमा माथिका लक्षणहरु देखिए स्वास्थ्य केन्द्रमा तुरुन्त जानुपर्दछ । घरैमा बस्दा परिवारका सदस्यहरूबाट १४ दिन सम्म छुट्टै आईसोलेसनमा बस्नु पर्दछ ।

कोरोना भाइरस रोगका बारेमा थप जानकारीको लागि १११५ वा ९८५१२५५८३९, ९८५१२५५८३७, ९८५१२५५८३४ मा सम्पर्क गर्नु ।



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
➯ पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
➯ महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
➯ सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
➯ मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

केवल कर्महीन नै यतो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। – गौतम बुद्ध

सम्पादकीय

झुक्याउने र घुर्क्याउन छोड

गण्डकी प्रदेशमा गठबन्धन सरकार बनेको दुई हप्ता पुग्दा दुई मन्त्रीले मात्र जिम्मेवारी पाएका छन।विना विभागीय मन्त्री मध्ये नेपाली काङ्ग्रेसका कुमार खड्काले सामाजिक विकास मन्त्रालय र माओवादी केन्द्रकी मधुमाया अधिकारी गुरुङले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी पाएकी छन।स्वतन्त्र सांसद दिपक मनाङे (राजीव गुरुङ) र जसपाका हरिशरण आचार्यले पुर्व सहमति अनुसारको मन्त्रालय नपाएको भन्दै विना विभागीय बनेका छन । गण्डकी प्रदेशमा स्वतन्त्र सांसद दिपक मनाङेले पृथ्वीसुब्बा गुरुङको सरकारमा युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी पाएका थिए।

भौतिक पुर्वाधार मन्त्रालयको जिम्मेवारी मागेका मनाङेलाई दिन आनाकानी गरेका कारण सरकारको प्रभावकारितामा प्रश्न उठेको छासरकारले विश्वासको मत लिने अघिल्लो दिन काङ्ग्रेस संसदीय दलका नेता कृष्णचन्द्र नेपाली पोखेल र जसपा संसदीय दलका नेता हरि शरण आचार्य बीचमा भएको ४ बुँदे सहमति कार्यान्वयन नभएको हुँदा जसपाले दिएको मन्त्रालयमा जान मानेन।जसपालाई अर्थ सहित दुई मन्त्रालय दिने, राजनीतिक नियुक्ति सहमतिका आधारमा गर्ने सहमति भएको थियो ।सत्तामा पुग्न सहमति गर्ने तर कार्यान्वयन नगर्ने प्रबृत्ति काङ्ग्रेसको चरित्र हो। संघीयता कार्यान्वयन गर्न केन्द्रीय सत्तासंग आँखा जुधाउन सक्ने पृथ्वीसुब्बा गुरुङको सरकारलाई प्रतिगामी देखेर आफैंले गरेको सहमति तोड्दै जाने,यथास्थितिमा रमाउनेसंग सहकार्य गर्नेले सोच्ने बेला भएको छ।

प्रदेश प्रमुखको निवासमा नारा लगाए लगत्तै मुख्यमन्त्री नियुक्त भएका पोखेलले मुख्यमन्त्रीर चार जना मन्त्रीले गत जेठ २९ मा सपथ ग्रहण गरेका थिए। कांग्रेस संसदीय दलका नेता पोखरेललाई मुख्यमन्त्री बनाउन माओवादी, जसपा, जनमोर्चा र स्वतन्त्र सांसदको समर्थन थियो । गठबन्धनबाट सरकार बनाएकोले मुख्यमन्त्री पोखरेलले कुन मन्त्रालय कसलाई दिने भन्ने टुंगो लगाउन सकेका छैनन्। महत्वपूर्ण मन्त्रालयमा जसपा र माओवादीका साथै स्वतन्त्र सांसदले पनि दाबी गरेका छन् । गण्डकी सरकारलाई समर्थन गरे पनि सरकारमा भने सहभागी नहुने राष्ट्रिय जनमोर्चाले बताइरहेको छ। मुख्यमन्त्री पोखरेलले भएकै मन्त्रीलाई जिम्मेवारी दिन सकेका छैनन् भने मन्त्रिमण्डल बिस्तार पनि गरेका छैनन्।

प्रदेशमा मन्त्रालय बाँडफाँटमा किचलो बढेपछि केही दिनअघिमात्रै मुख्यमन्त्रीसहितको टोली काठमाडौं पुगेको थियो। उक्त टोलीले काठमाडौंमा कांगेस सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह, जनमोर्चा नेपालका महासचिव मनोज भट्ट, जसपा संघीय परिषद अध्यक्ष डा. बाबुराम भट्टराईलगायतलाई भेटेको थियो। भेट पनि 'फलदायी' नभई टोली पोखरा फर्किएको थियो। भेटका क्रममा अधिकांशले प्रदेशको कुरा प्रदेशमै मिलाउन सुझाव दिएका थिए। रिक्त र विना विभागीय मन्त्रालयको बाँकी बाँडफाँट बजेट छलफल पछिमात्रै हुने भएको छ। केही दिनमै बजेटमाथि छलफल सुरु गर्ने र उक्त बजेट पारितपछि मात्रै बाँकी मन्त्रिपरिषद विस्तार हुनेछ। सबैलाई खेलाउन खप्पिस काङ्ग्रेससंग घुर्कि लगाउनु चिसै पानीले नुहाउनु जस्तै हुनेछ।

तपाईको आज

मेष	: ब्यापारमा लाभ	**तुला**	: झमेला बढ्ने
वृष	: शत्रुको भय	**वृश्चिक**	: शारीरिक झमेला
मिथुन	: मानसिक तनाब	**धनु**	: सम्मान मिल्नेछ
कर्कट	: आर्थिक समस्या	**मकर**	: सत्कार मिल्नेछ
सिंह	: कार्यमा सफलता	**कुम्भ**	: सहयोग मिल्नेछ
कन्या	: अप्रत्यसित लाभ	**मीन**	: मन चञ्चल

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

मर्स्याङ्दीमा जेसिबी फस्यो, अपरेटरको सकुशल उद्धार

पोखरापत्र संवाददाता

मनाङ, १३ असार

सदरमुकाम चामेस्थित मर्स्याङ्दी नदीमाथिको मोटरेबल पुलमा जेसिबी फसेको छ।

नदीले बगाएर ल्याएको काठ, बालुवा र ढुङ्गा पुलबाट निकाल्ने क्रममा जेसिबी र अपरेटर फसेको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिनुभयो। मौसम अनुकूल भए जेसिबी निकाल्ने प्रयास गरिने प्रजिअ लामिछानेले जानकारी दिनुभयो। जेसिबी बीच भागमा नै रहे पनि नार्पाभूमि गाउँपालकाका अपरेटर सर्लाहीका बरथुवा नगरपालिका–७ स्थायी घर भएका २७ वर्षीय मुकेशकुमार कुशवारको सकुशल उद्धार गरिएको उहाँले बताउनुभयो। जिल्लामा रहेको क्याराभान कम्पनीको एउटा मात्रै डोजर पनि मर्स्याङ्दी नदीको बीचमा फसेको हो।

नदीको सतह घटेपछि पुलमा अड्किएको काठ, ढुङ्गा र बालुवा निकाल्न थालिएको हो। पुलमा बालुवा रहेकाले केही भाग भासिएकाले डोजर अड्किएको हो। पुलमा बाढीले बगाएर ल्याएको काठ, ढुङ्गा र बालुवा अड्किएर पानी जाने बाटो अवरोध हुँदा नदीले बस्तीतर्फ धार परिवर्तन गरेको छ। नदीलाई पहिलेको धारमा फर्काउन पुलमा अड्किएको काठ, ढुङ्गा र बालुवा निकाल्न अत्यावश्यक देखिएको छ।

मुदीमा विद्युतीकरण

पोखरापत्र संवाददाता

म्याग्दी, १३ असार

म्याग्दीको धवलागिरि गाउँपालिका–४ मुदीमा केन्द्रीय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ। नेपाल विद्युत् प्राधिकरण म्याग्दी वितरण केन्द्रले मुदीमा शनिबार साँझ केन्द्रीय प्रसारण लाइनको विद्युत् बिस्तार गरेको हो।

प्राधिकरणका प्राविधिक रवीन्द्र भण्डारीले मुदीका २५० घरमा विद्युतीकरण भएको जानकारी दिनुभयो। "मिटर जडान गरेका सबै घरमा बिजुली बलेको छ", उहाँले भन्नुभयो, "सोही वडाको खाम्ला, खारा र बाँसबोटका ६५ घरमा यसअघि नै विद्युतीकरण भइसकेको छ।" ताकम, मच्छिम, फलियागाउँ, मुना, दर हुँदै विस्तार गरिएको केन्द्रीय प्रसारण लाइन वितरणका लागि मुदी र खाम्लामा एक/एक सय एमभिए क्षमताका दुई वटा ट्रान्सफर्मर राखिएको छ।

मुदीमा विद्युत् विस्तार गर्न त्यहाँ सडक नपुग्दै विसं २०७६ चैतको पहिलो हप्ता धवलागिरिले वडा नम्बर ७ काउसीबोटबाट हेलिकप्टरमार्फत दुई वटा ट्रान्सफर्मर ढुवानी गरेको थियो। विसं २०७७ असारमा मुदी सडक सञ्जालमा जोडिएको थियो। खाम्लामा अझै सडक सुविधा छैन। उज्यालोका लागि सोलार, मट्टितेलको टुकी, दियालो र सि√ामा निर्भर स्थानीयवासीमा बिजुली बलेपछि खुसीयाली छाएको छ।

घरायसी काम गर्न तथा विद्यार्थीलाई अध्ययन गर्न सहज हुनुका साथै उद्यम व्यवसाय सञ्चालन गर्ने अवसर सिर्जना भएको स्थानीयवासी गणेश पुनले बताउनुभयो। विसं २०७६ चैतमा वायरिङ गरिए पनि कोरोना, बन्दाबन्दी र निषेधाज्ञाका कारण विद्युतीकरण प्रभावित भएको थियो। प्राधिकरण म्याग्दी वितरण केन्द्रका प्रमुख प्रशान्त झाले धवलागिरिको फलिगाउँ, मुना, दर र मङ्गलाको अर्मनमा चालु आर्थिक वर्षभित्रै विद्युतीकरण गर्न लागिएको बताउनुभयो।

मुनास्थित गाउँपालिकाको कार्यालयमा विद्युतीकरण भइसकेको छ। मुदीको थलडाँडामा रहेको नेपाल टेलिकमको बिटिएस टावरमा पनि विद्युत विस्तार गरिएको छ। दर हुँदै थलडाँडासम्म विद्युत् विस्तार गर्न गाउँपालिकाले लगानी गरेको छ। मुदी र मुनाका सबै घरधुरीमा विद्युतीकरण भएपछि धवलागिरिलाई उज्यालो पालिका घोषणा गर्ने तयारी छ।

यसअघि धवलागिरिको वडा नं ७ ताकम र वडा नं ६ मराङको करिब डेढ सय घरमा केन्द्रीय प्रसारण लाइनको विद्युत् पुगिसकेको छ। विसं २०७६ कात्तिकमा वडा नं २ लुलाङमा लघुजलविद्युत् र वडा नं ४ कै बगरमा सौर्य ऊर्जामार्फत विद्युतीकरण गरिएको छ।

गुर्जा, मल्कवाङ, खिवाङ र मराङमा लघुजलविद्युत् परियोजनामार्फत विद्युतीकरण गरिएको छ। पालिकाका सबै घरमा केन्द्रीय लाइन, लघुजलविद्युत र सौर्य ऊर्जामध्ये कुनै एक माध्यमको विद्युत सुविधा पुऱ्याउने गाउँपालिकाको योजना छ। लघुजलविद्युत् परियोजना नभएका र केन्द्रीय लाइन नपुग्ने १२० घरधुरीलाई प्रदेश सरकारमार्फत गत कात्तिकमा ५० वाट क्षमताको सोलार सेट वितरण गरिएको थियो।

चितुवाको आक्रमणबाट घाइते

पोखरापत्र संवाददाता

स्याङ्जा, १३ असार

चितुवाको आक्रमणमा परेर स्याङ्जाको् गल्याङ नगरपालिका–७ का ३८ वर्षीय लालबहादुर विक घाइते हुनुभएको छ।

स्थानीय खड्कबहादुर गाहाको बंगुरको खोरमा पसेको चितुवाले बंगुरका तीन वटा पाठापाठी मार्नाका साथै मानिसलाई समेत घाइते बनाएपछि वन कार्यालयका कर्मचारी तथा जनप्रतिनिधिको रोहवरमा चितुवालाई गोली हानेर नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। बंगुरको खोरमा पसेको चितुवाले मान्छेलाई समेत आक्रमण गर्न थालेपछि थप क्षति नहोस् भनेर चितुवालाई गोली हानेर नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ।

घाइते विक गल्याङ नगर अस्पतालमा उपचारपछि घर फर्किएको र गोली लागेर मृत्यु भएको चितुवालाई वन कार्यालयका कर्मचारीको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका प्रहरी नायब उपरीक्षक राजेन्द्रप्रसाद अधिकारीले जानकारी दिनुभयो।

मिनी ग्रेटवाल र शिशाको दृश्यावलोकन केन्द्रलाई तीन करोड

– कृष्ण न्यौपाने

दमौली, १३ असार

पर्यटकीय हबका रुपमा परिचित तनहुँको बन्दीपुर गाउँपालिकाले पर्यटनलक्षित बजेट तथा नीति कार्यक्रम ल्याएको छ। आन्तरिक तथा बाह्य पर्यटकको आगमन रहने यस ठाउँमा थप पर्यटन पूर्वाधार निर्माणका लागि गाउँपालिकाले बजेट विनियोजन गरेको हो।

यहाँ निर्माणाधीन मिनी ग्रेटवाललाई आगामी वर्ष रु डेढ करोड बजेट विनियोजन गरिएको छ। चीनको ग्रेटवालको झल्को दिने गरी गाउँपालिकामा निर्माणाधीन रहेको मिनी ग्रेटवाललाई गाउँपालिकाले रु एक करोड ५० लाख बजेट विनियोजन गरेको हो। वडा नं २ स्थित थानीमाई मन्दिरबाट निर्माण शुरु गरिएको मिनी ग्रेटवाल मुकुन्देश्वरी डाँडामा पुगेर टुङ्गिन्छ। नयाँ–नयाँ गन्तव्य बनाउने लक्ष्यसहित शुरु गरिएको ग्रेटवाललाई पर्यटकीय हबका रुपमा विकास गर्न लागिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो।

गत वर्षदेखि निर्माण शुरु गरिएको मिनी ग्रेटवाल निर्माण नसकिदै पर्यटकको रोजाइमा पर्न थालेको छ। बन्दीपुर घुम्न आएका सबैजसोले उक्त ठाउँका बारेमा चासो लिने गरेका छन्। "बन्दीपुरमा नयाँ–नयाँ पूर्वाधार थप गर्ने उद्देश्य बमोजिम मिनी ग्रेटवाल निर्माण थालेका हौं, मिनी ग्रेटवाल निर्माणका लागि सङ्घ सरकारले पनि यो वर्ष बजेट सहयोग गरेको छ", उहाँले भन्नुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट बजेट विनियोजन भएपछि काम अगाडी बढाउन सहज हुने उहाँले बताउनुभयो। उहाँका अनुसार गत वर्ष एक हजार एक सय मिटर पदमार्ग निर्माण सम्पन्न गरिएको छ। चालु आवमा पनि ३५ मिटर पदमार्ग निर्माण सम्पन्न भइसकेको छ। गत वर्ष रु ७० लाख खर्च भएकामा चालु आर्थिक वर्षमा रु तीस लाखको काम भइरहेको छ। "पर्यटन मन्त्रालयको बजेटबाट शुरुवाती विन्दुबाट मिनी ग्रेटवालको कामलाई अन्तिम रुप दिने तयारी गरेका छौं", उहाँले भन्नुभयो। कूल साढे दुई किलोमिटर दूरी रहने मिनी ग्रेटवालसँगै यहाँ थप पूर्वाधार निर्माण गर्ने योजना छ। गुरुयोजना अनुसारका पूर्वाधार निर्माणका लागि रु १९ करोड लागत इष्टमेट गरिएको अध्यक्ष थापाले बताउनुभयो। यहाँ थानीमाई मन्दिर, उद्यान, सेल्फी उद्यान, प्याराग्लाइडिङ गर्ने ठाउँ, नौ मिटर अग्लो बन्दीपुर लेखिएको स्तम्भ, घोडा शयर, पुष्पलाल स्मृति पार्क, मुकुन्देश्वरी पार्क लगायतका संरचना निर्माण गर्ने योजना छ। विश्वकै प्रसिद्ध ग्रेटवालको झल्को दिने गरी निर्माण गरिएको पदमार्ग पर्खालले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास गरिएको छ। मुकुन्देश्वरी डाँडा तत्कालिन राजा मुकुन्द सेनले शासन गरेको ठाउँ हो। उक्त पदमार्ग पर्खाललाई पनि 'मुकुन्देश्वरी पर्खाल' को नामाकरण गरिएको छ। पदमार्ग पर्खाल तीन मिटर फराकिलो रहनेछ। बन्दीपुरमा वार्षिक एक लाख भन्दा बढी पर्यटक भ्रमणका लागि पुग्ने गरेका छन्। गाउँपालिकाले टुँडिखेलमा शिशाको भ्युटावर निर्माणका लागि पनि रु एक करोड ५० लाख बजेट विनियोजन गरेको छ। जमिनको सतहबाट पाँच फिट अग्लो टावर निर्माण गरेर दृश्यावलोकनको केन्द्र निर्माण गर्ने लक्ष्य राखिएको छ। उक्त केन्द्रबाट एकपटकमा १५ व्यक्तिले अवलोकन गर्न मिल्नेछ।

शिशाको दृश्यावलोकन केन्द्र निर्माणका लागि करिब रु तीन करोड भन्दा बढी रकम आवश्यक पर्ने देखिएको छ। "सङ्घ र प्रदेश सरकारलाई पनि योजनाका बारेमा पटक पटक जानकारी गरायौ, चासो कम भयो", उहाँले भन्नुभयो, "बजेटको सुनिश्चितता हुने बित्तिकै टेण्डर प्रकृयामा जान्छौ।"

टेण्डर निकाल्नका लागि बजेटको स्रोत सुनिश्चित हुनुपर्ने भएकाले स्रोत जुटाएर मात्रै टेण्डर निकाल्न खोजिएको थापाले बताउनुभयो। "यो योजनाका बारेमा केही प्राविधिक समस्या थियो, त्यो हल भएको छ, विज्ञ समूह गठन गरेर यसको थालनी गर्ने सोच बनाएका छौ", उहाँले भन्नुभयो।

वक्तृत्वकलामा तनहुँका दिग्विजय प्रथम

पोखरापत्र संवाददाता

पोखरा, १३ असार

'ओलम्पिक डे'को अवसरमा प्रदेश खेलकूदपरिषद् गण्डकी र जिल्ला खेलकूदविकास समिती कास्कीको संयुक्त आयोजनमा आयोजित 'राष्ट्रिय गरिमा र सामाजिक रूपान्तरणका लागि खेलकूद' विषयक वक्तृत्वकला प्रतियोगितामा तनहुँका दिग्विजय लामिछाने प्रथम हुनुभएको छ।

यही असार १० देखि १२ गतेसम्म सञ्चालन भएको भर्चुअल प्रतियोगितामा तनहुँ महेश संस्कृती गुरुकुलम विद्यालयमा कक्षा १० मा अध्ययनरत लामिछानेले २२४ प्रतिष्पर्धीलाई उछिन्दै प्रथम हुनुभएको हो। उहाँले नगद १५ हजारका साथम मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ।

प्रतियोगितामा श्री हिमालय मावी पर्वत कक्षा १० मा अध्ययनरत छात्रा दीपशीखा सुवेदी दोश्रो हुँदै नगद १० हजारका साथमा मेडल तथा प्रमाणपत्र हात पार्नुभएको छ। यसैगरी श्री जनक मावी नवलपुर कक्षा ९ मा अध्ययनरत छात्र सुदर्शन ढकाल तेश्रो हुँदै नगद ७ हजार, श्री रत्नज्योती मावी कास्की कक्षा १० अध्ययनरत समीक्षा अधिकारी चौथो हुँदै नगद ५ हजारका साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्न सफल हुनुभएको छ।

प्रतियोगितामा गण्डकी वोर्डिङ कास्कीकी छात्र आस्तिका बास्तोला, एसओएस हर्मन माइनरकी छात्रा समीक्षा अधिकारी, श्री सत्यवती मावी तनहुँका गौरव सापकोटा, नवलपुर आवासीय माध्यमिक विद्यालयकी छात्रा गृष्मा पाठक, फिष्टेल एकेडेमी कास्कीकी प्राप्ती लम्साल र श्री भिमसेन आदर्श मावी नलवलपुरका छात्र विक्रम गिरी सान्त्वान हुँदै जनही नगद २ हजारका साथमा मेडल तथा प्रमाणपत्र प्राप्त गर्न सफल हुनुभएको छ।

भर्चुअल माध्यमबाट भएको प्रतियोगिताको समापन कार्यक्रममा राष्ट्रिय खेलकूदपरिषद्का सदस्य सचिव रमेशकुमार सिलवालले खेलकूदको महत्व दर्शाउँदै खेलकूदपदक जित्नका लागि मात्रै नभई राष्ट्रिय गौरव बढाउनका लागि समेत महत्वपूर्ण रहने बताउनुभयो। त्यसैगरी स्पोर्टस् फर अल कमिसनका चेयर पर्सन विष्णु गोपाल श्रेष्ठले असल नागरिकको उत्पादन र समाजमा शान्तीको सन्देश प्रवाह गर्न खेलकूदको भूमिका महत्वपूर्ण रहने बताउनुभयो। प्रदेश खेलकूदपरिषद् गण्डकीका सदस्य सचिव तेजबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली अग्रज खेलाडीको छाता संस्था भूतपूर्व खेलाडी मञ्च नेपालका अध्यक्ष हरिप्रसाद पराजुलीलगायतले खेलकूदका महत्वमा आफ्ना धारणा राख्नुभएको थियो।

उक्त प्रतियोगितामा राष्ट्रिय खेलकूदपरिषद्का सदस्य रिमबहादुर रानाभाट, पशिचमाञ्चल क्षेत्रीय खेलकूदविकास समितीका निर्देशक कृष्ण तिमिल्सिना र प्रध्यापक राजेश घिमिरेले निर्णायकको भूमिकामा रहनुभएको थियो।

प्रदेश खेलकूदपरिषद् गण्डकीले हालै तय गरेको 'भिजन स्टेटमेन्ट' 'राष्ट्रियगरिमारसामाजिक रूपान्तरणका लागि खेलकूद' लाई विषय बनाएर प्रतियोगिता आयोजना गरिएको कार्यक्रमका संयोजक केशव पाठकले जानकारी दिनुभयो।

गण्डकी प्रदेश यूवा तथा खेलकूद मन्त्रालयको सहयोग, तथा नेपाल ओलम्पिक कमिटीको तत्वाधान, स्पोर्टस फर अल कमिसन गण्डकी र भूतपूर्व खेलाडी मञ्च नेपालको सहकार्यमा उक्त कार्यक्रम भएको थियो।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ स्थित गलेश्वर माछापुच्छ्रे सडक ढलान कार्य सम्पन्न गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः गलेश्वर माछापुच्छ्रे मार्ग सडक ढलान

ठेगानाः पोखरा–१५ गलेश्वर

योजना सम्झौता मिति : २०७८/०२/२० गते

योजना सुरु हुने मितिः २०७८/०२/२१ गते

योजना सम्पन्न मिति : २०७८/०३/११ गते

योजनाको कुल लागत : रु. ११,४८,७९९.५१।–

पोखरा महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,७४,०००।–

जन सहभागितावाट : रु.५,७४,०००।–

ऋषिराम चाँपागाई
अध्यक्ष

माछापुच्छ्रे मार्ग सडक विस्तार समिति
पोखरा–१५, गलेश्वर

‘बागलुङको बजार, पधेर्नीलाई दुःख हजार’

–खेमराज गौतम
गलकोट, १३ असार

पूर्व बग्ने कालिगंगा, पश्चिम काँठेखोला
थाप्लो माथिको बागलुङ्गेले कहिले फेर्ने चोला
बागलुङको बजार, पधेर्नीलाई
दुःख हजार
कुखुराको भाले बासो हे पधेर्नी उठ
पधेरामा भइसक्यो पानी लुटालुट
बागलुङको बजार, पधेर्नीलाई
दुःख हजार

जनकवि केशरी धर्मराज थापाले २०२३ सालमा तत्कालीन धौलागिरी अञ्चलको अञ्चलाधीसको कार्यालय (हालको जिल्ला प्रशासन कार्यालय) बागलुङको प्राङ्गणमा गाउनुभएको गीत हो यो। जनकवि केशरी धर्मराज थापा बागलुङको जिल्ला भ्रमणमा आएका बेला बागलुङ बजारमा भएको खानेपानीको समस्या र यहाँका महिला (पधेर्नी)को दुःख समेटिएर सृजना गर्नुभएको त्यही गीतले २०२३ सालमा अञ्चालधीसको प्राङ्गणमा आयोजना गरिएको सांस्कृतिक साँझमा उपस्थित धेरैको मन जितेको थियो।

विसं २०२३ मा त्यो गीतमा ताली बजाउने एकजना हुनुहन्थ्यो बागलुङ नगरपालिका-१ रामरेखाका दुर्गा आचार्य। साथै त्यस कार्यक्रममा पुगेका अधिकांश बागलुङबासीहरुले बागलुङ बजारको खानेपानी दुःख र समस्याका विषयमा तत्तकालै तयार गरिएको गीत सुनेर धेरै खुशी भए भने केहीले कण्ठस्त पनि पारे। गीतका धेरै टुक्कामध्ये दुई टुक्का रामरेखा निवासी ८३ वर्षिय दुर्गा आचार्यलाई अझै सम्झना छ। आफू २८ वर्षको हुँदा सुनेको गीतको अझै सान्दर्भिकता हुनु भनेको निकै दुःखद् रहेको आचार्यको भनाई छ।

करिब ५५ वर्षअघि धर्मराज थापाले गीत गाएपछि नेपालमा धेरै कुरा परिवर्तन भयो, बागलुङको विकासमा धेरै कुराले फड्को पनि मार्‍यो तर खानेपानीको समस्या भने उस्तै छ। अहिले पहिलेजस्तो बिहान झिस्मिसेमै पानीको लागि पधेरो धाउनुपर्ने अवस्था त छैन, घरैमा खानेपानीको धारा छ। तर दुःख त यो छ कि ती घरका धारामा पानी भने आउँदैन। अझ वर्षायाममा बागलुङमा खानेपानी समस्या र खानेपानीका लागि स्थानीय बजार बाहिर धाउनुपर्ने बाध्यता सामान्य जस्तो भयो। “धेरै कुरा फेरिए पधेराको सट्टामा घरमै धारा आए तर खानेपानीको दुःख हजारौँ नै छन्” दुर्गा आचार्यले भन्नुभयो “बाहिरबाट बागलुङ बजार आउने जो कोहिले पनि खानेपानीको समस्या सहजै अनुमान लगाउन सक्दछन्, गाग्री, भाँडाकुँडा बोकेर हिडेका स्थानीय बागलुङ बजारमा जताततै देखिन्छन्।” आचार्यका अनुसार अझै गीतमा भनिएजस्तो समस्या जिवितै रहेको छ। अहिले तित्याङको फड्केडाँडा, गैँडाकोट, उपल्लाचौरको हाँडेपाला लगायतको क्षेत्रमा बजारका स्थानीय खानेपानी ल्याउन जानेको बिहान बेलुका भीड नै लाग्ने गरेको छ।

बागलुङ नगर खानेपानीले वितरण गर्दै आएको खानेपानी अशुद्ध भएको पटक/पटकको अध्ययनले देखाउदै आएको छ। पानीमा कोलिफर्मको मात्रा देखिएकोले बागलुङ बजारमा आएको पानी अशुद्ध रहेको छ। हिउँदमा आवश्यकता भन्दा थोरै र वर्षामा धमिलो पानी आउने, पहिरोका कारण खानेपानी वितरणमा अनियमितता हुने समान्य समस्या जस्तै बनेको छ। दैनिक जसो आफूले खानेपानी तित्याङको फड्के डाँडा बाट ल्याउदै आएको बागलुङ बजारमा डेरा गरी बस्ने माया थापाले बताउनुभयो। “हिउँदमा खानेपानी थोरै आउदा समस्या भएर पानी ल्याउन आउछौ, वर्षामा खानेपानी आउदैन आएपनि खोलाको भल जस्तै आउछ त्यस्तो पानी खान भन्दा दुःख गरेर भए पनि पानी बोक्नुपर्ने आवश्यकता छ।” उहाँका अनुसार दैनिक एक घण्टाको समय खानेपानी ल्याउन खर्चँदै आएको बताउनुभयो।

खानेपानीको मुहान रहेको काठेखोला गाउँपालिका भौगोलिक रुपले जटिल हुनु नगरपालिका आउने पाइप लाइन उपयुक्त स्थानबाट नल्याउँदा वर्षा लाग्नासाथ पहिरोले ठाउँ ठाउँमा पाइप बगाउदै लगेपछि वर्षामा खानेपानी वितरणमा समस्या हुँदै आएको बागलुङ बजारमा खानेपानी वितरणको जिम्मा पाएको बागलुङ नगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाका प्रबन्धक हिमाल शर्माले बताउनुभयो। अहिले बागलुङ बजारमा नियमित खानेपानीको आपूर्ती नभएको १० दिनभन्दा बढी भयो।

डेढ दर्जन स्थानमा पहिरोका कारण पाइपलाइनमा क्षति पुर्‍याउँदा खानेपानीको आपूर्तीमा समस्या भइरहेको प्रबन्धक शर्माले जानकारी दिनुभयो। “जिल्ला सदरमुकाममा तीन मुहानबाट खानेपानी ल्याइन्छ तर अहिले चार दिनको मर्मतपछि रेश मुहानको पानी आपूर्ती भइरहेको छ तर भूदी खोला र रिठेखोलाको पानी ल्याउन मर्मत कार्य चलिरहेको छ” शर्माले भन्नुभयो “विपत्तीसँग त कस्को के लाग्छ र? अहिले रात्माटाको खानेपानी रिजर्भ ट्याङ्कमा समेत पहिरोका कारण क्षति पुर्‍याएको छ।”

नगरवासीलाई प्रयाप्त शुद्ध खानेपानी खुवाउने उद्देश्यले बागलुङ नगरपालिका र खानेपानी तथा ढल निकास विभागको समन्वयमा झण्डै ४५ करोड खर्चेर बागलुङ बजारभन्दा तल काठेखोलाको पानी लिफ्टमार्फत् शुद्धिकरण गरेर वितरण गर्ने योजना तीन वर्षदेखि निर्माणधीन छ। डिजाईन, भौगोलिक जटिलताका कारण निर्माणमा केही समय ढिला भएको छ। शुद्ध खानेपानीका लागि उक्त लिफ्ट आयोजना नै कुनुपर्ने नगर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले जनाएको छ।

निषेधाज्ञाले घरमै बस्ने स्थानीयलाई खानेपानीको अभावले भने घर बाहिर ल्याउने गरेको छ। बागलुङ नगर खानेपानीले आवश्यकताभन्दा कम खानेपानीको आपूर्ती गर्दै आएको बागलुङ बजारमा असार पहिलो साता खानेपानीको हाहाकार नै भएको थियो। अहिले नगर खानेपानीले सदरमुकाम ल्याउने पानीको पाइप ठाउँ ठाउँमा क्षति पुर्‍याएको छ। बागलुङ बजारमा रेश खोला मुहान, भुदी खोला मुहान र रिठ्ठेखोला मुहानबाट ल्याइएको पानीको पाइप विभिन्न स्थानमा बाढी पहिरोले क्षति पुर्‍याएको छ। पहिरोले पाइप बगाउँदा बजार क्षेत्रभित्र पिउने पानी आपूर्ति हुन समस्या छ।

निरन्तरको प्रयासका बाबजुत रेश खोलाको मुहानको खानेपानी आपूर्ती भएपनि अन्य मुहानको खानेपानीको पाइप मर्मत भइरहेको छ। पहिरोकै कारण बागलुङ नगरपालिका वडा नं ३ सुल्डा'डामा रहेको खानेपानीको रिजर्भ ट्र्याङ्की समेत जोखिममा परेको छ। बागलुङ बजार क्षेत्रभित्र रिठेखोला मुहान, रेश खोला मुहान र भुदी खोला मुहानबाट पिउनको लागि पानी ल्याइएको छ। अहिले रिठेखोलाबाट ३.५ लिटर प्रति सेकेन्ड, रेशबाट १७ लिटर प्रति सेकेन्ड र भुदीबाट २० लिटर प्रति सेकेन्ड पानी दैनिक आउने गरेको छ। बागलुङ जिल्ला सदरमुकाममा प्रतिसेकेण्ड ४० लिटर खानेपानी आपूर्ती गर्दै आएपनि माग भने प्रतिसेकेण्ड ६० लिटर भन्दा माथि रहेको खानेपानी तथा उपभोक्ता संस्थाले जनाएको छ।

बागलुङ बजारका बासिन्दा वर्षौंदेखि दूषित पानी पिउन बाध्य छन्। बजारका स्थायी बासिन्दा र बाहिरबाट आएका हजारौं उपभोक्ता अहिले पानी नआउने र आए पनि धमिलो दूषित पानी हेरेर बस्नुपर्ने समस्याबाट आजित छन्।

पानी नआउने र धमिलो पानी आउने समस्या टार्न बजारवासी आसपासका विभिन्न क्षेत्रमा पुग्ने गरेका छन् तर खानेपानी वितरणको जिम्मेवारी पाएको बागलुङ नगर खानेपानी उपभोक्ता संस्थाले भने वर्षा पछिको बाढी र पहिरोले अवरोध पुर्‍याएको समयमा बाहेक अरु बेला पानीको नियमित आपूर्ति हुने गरेको दावी गर्दै आएको छ। तर आर्थिक अवस्था राम्रो भएकाले जारको शुद्ध पानी खरिद गरेर पिउदै आएको भए पनि कमजोर आर्थिक अवस्था भएका नागरिकलाई भने पानी बोक्न जानुको विकल्प नभएको स्थानीयको गुनासो छ। सामाजिक सञ्जालमा वर्षाको भेल र नगर खानेपानीले वितरण गर्दै आएको पानीमा कुनै फरक नभएको समेत टिप्पणी हुँदै आएको छ। स्वास्थ्य कार्यालयले खानेपानीको परीक्षण गर्दा पनि नगरको खानेपानीमा पटक पटक कोलिफर्म भेटिएको थियो। आकाशबाट पानी पर्दासाथ बजारवासीको धारमा सोझै धमिलो पानी आउने गर्दछ। अहिले वितरण गर्दै आएको खानेपानी कुनै शुद्धिकरण नगरी वितरण गरिदै आएको उपभोक्ताको गुनासो छ। खानेपानीले सामान्य रुपमा सुद्धिकरण गर्दै आएको र पूर्ण रुपमा शुद्धिकरण गर्न शुद्धिकरण प्लान्ट विग्रेको बताउदै आएको छ। हाल डिभिजन खानेपानी कार्यालय, बागलुङ नगरपालिका र नगर खानेपानी उपभोक्ता संस्थाको रु ४५ करोड को सह-लगानीमा काँठेखोलाको पानी लिफ्टमार्फत् प्रशोधन गरी वितरण गर्ने आयोजना निर्माणको काम भइरहेको र यसको निर्माणपश्चात बागलुङ नगरपालिकामा खानेपानीको समस्याको समाधान हुने बागलुङ नगरपालिकाका प्रमुख जनकाराज पौडेलले बताउनुभयो। “बागलुङमा लामो समयदेखि पानीको चर्को समस्या भएको हामीलाई बोध छ, हामी आएपछि दीर्घकालीन समाधानका लागि जिल्लामै ठूलो लिफ्ट आयोजना बनाइरहेका छौं उक्त आयोजना बनेपछि उपभोक्ताको धारमा चौबीसै घण्टा खानेपानी आउनेछ।

खानेपानीलाई शुद्ध बनाई वितरण गर्न उच्च अदालत पोखरा बागलुङ इजलासले समेत २०७५ भदौ १८ गते नगर खानेपानी उपभोक्ता संस्थाको नाममा परमादेश जारी गरेको थियो तर अदालतले गरेको परमादेशको समेत अवेज्ञा हुँदै आएको छ। शुद्ध खानेपानी पाउनुपर्ने नागरिकको अधिकार भएपनि बागलुङ बजारबासीले अशुद्ध पानी प्रयोग गर्दै आएका छन्। पानी नआउने र धमिलो पानी आउँदा उपभोक्तालाई झाडापखाला जस्ता स्वास्थ्य समस्या देखिने भएकाले उमालेर खानेपानी पिउनुपर्ने स्वास्थ्यकर्मीको सुझाव छ। बागलुङ सदरमुकाममा दैनिक करीब ३२ लाख लिटर खानेपानी आवश्यक पर्ने भए पनि आवश्यकताको आधा मात्र पानीको आपूर्ति हुँदै आएको छ। बागलुङ सदरमुकाम क्षेत्रमा नगर खानेपानी उपभोक्ताबाट झण्डै पाँच हजार खानेपानीका धारा वितरण गरिएको छ। वर्षाको समयमा धमिलो तथा दुषित पानी धारामा आउदा समेत चर्को महशुल तिर्न नागरिक बाध्य रहेका छन्। नेपालभर भारी वर्षा जारी छ र कतिपय ठाउँ त डुबानमा पनि परेका छन्। बागलुङमा पनि भारी वर्षा भइरहेको छ। जसका कारण यहाँको बजारको ढल निकास प्रणालीले पनि वर्षाको पानी थेग्न नसकेर बजारभरि भल पसेको देखिन्छ तर खानेपानीको भने यहाँ अभाव हुँदै आएको छ। वर्षात्का कारण बागलुङ, पर्वतको धाइरिङलगायतका क्षेत्रका बस्तीहरु सुरक्षित स्थानमा सारिएको छ। दुःखको कुरा गण्डकी प्रदेशकै धौलागिरीको एक पुरानो बजार बागलुङमा भने पिउने पानीकै दुःख छ।

‘आत्म निर्भर छोरी सशक्त व्यास नगर’ अभियान

पोखरापत्र संवाददाता
तनहुँ, १३ असार

व्यास नगरपालिकाले ‘आत्म निर्भर छोरी सशक्त व्यास नगर’ अभियान मार्फत छोरीलाई सम्मान कार्यक्रम ल्याएको छ।

विशेषगरीनगरपालिकाभित्रका आदिवासी जनजाति, दलित र सीमान्तकृत समुदायलाई सो अभियानले समेट्ने छ। बीस वर्ष पुगेपछि मात्र विवाह गर्ने दलित, बोटे, दराई, कुमाल र चेपाङका छोरीलाई सम्मान गर्दै विवाहमा आर्थिक सहयोग समेत गरिने नगरपालिकाले जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले सीमान्तकृत समुदायको उत्थानका लागि छोरी सम्मान कार्यक्रम ल्याइएको जानकारी दिनुभयो। यसैगरी नगरपालिकाभित्र स्थायी बसोबास गर्ने स्नातक तहसम्म योग्यता हासिल गरेका बिपन्न बेरोजगार महिलालाई उद्यमशीलता विकासका लागि अनुदान सहयोग प्रदान गरिने छ। उहाँले भन्नुभयो “स्वास्थ्य सङ्कटमा रहेका विपन्न महिलालाई आर्थिक सहयोग प्रदान गरी जीवनरक्षाको लागि सहयोग गरिनेछ।” “महिलासँग उपप्रमुख कार्यक्रम’ अन्र्तगत गर्भवतीको पोषणकोसहयोग गर्ने कार्यक्रम तय गरिएको उहाँले बताउनुभयो। लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गरी हिंसामा परेका महिलालाई कानूनी उपचारको लागि सहयोग गरी उनीहरुको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइएको नगरपालिकाले जनाएको छ।

उच्च शिक्षा अध्ययन गर्न आर्थिक रुपमा विपन्न रहेका छात्रालाई छात्रवृत्ति उपलब्ध गराएर उच्च शिक्षा हासिल गर्न सहयोग पुर्‍याउने कार्यक्रम रहेको उहाँले बताउनुभयो। नगरपालिकाले ‘निजी क्षेत्र एवं लगानीमैत्री’ नगरपालिका निर्माण गरी निजी साझेदारीको अवधारण अनुरुप मानहुँकोट, नारेश्वर ताल निर्माणलगायत योजनामा सहकार्य गर्ने भएको छ। नगरपालिकाको बिहीबार सम्पन्न ३५औं नगरसभाले नगरपालिकाको आर्थिक विकासका लागि ‘निजी क्षेत्रसँग नगरपालिका’ भन्ने कार्यक्रमको आयोजना गरी हरेक तीन महिनामा एक पटक स्थानीय व्यवसायी र जनप्रतिनिधिबीच अन्तरक्रिया गरिने नगरप्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो।

व्यास -५ को चिन्तुटार, व्यास-१० को माथिल्लो भतेरी, सिसौघारी हुँदै परेवा रहसम्मको सार्वजनिक बगर क्षेत्रलाई औद्योगिक ग्राम बनाउने योजना रहेको उहाँले जानकारी दिनुभयो।

स्वर्गाश्रममा आश्रयस्थल निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, १३ असार

म्याग्दीको बेनी नगरपालिका-३ स्थित धार्मिक पर्यटकीयस्थल स्वर्गाश्रममा तीर्थयात्री र पर्यटकलाई लक्षित गरी आश्रयस्थल भवन निर्माण भएको छ।

स्वर्गाश्रममा आउने तीर्थयात्रीको सुबिधाका लागि रु २१ लाखभन्दा बढी खर्चेर तीन वटा भवन निर्माण भएको हो। स्वर्गाश्रम बेलढुङ्गा विकास समितिका अध्यक्ष रत्नबहादुर जिसीले बेनी नगरपालिकाको सहयोगमा भवन निर्माण भएको जानकारी दिनुभयो।

“आव २०७६/७७ मा विनियोजन भएको रु २० लाख बजेटबाट स्वर्गाश्रममा तीर्थयात्री निवास बनाएका थियौँ”, वडा सदस्य समेत रहनुभएका उहाँले भन्नुभयो, “चालू आवमा रु छ लाखले तीर्थयात्रीलाई भान्छाघर र रु तीन लाखबाट बाघखोरमा पर्यटक आश्रयस्थल निर्माण भएको छ।” उपभोक्ता समितिका अध्यक्ष खिमकुमारी खत्रीले भान्छाघर बनाउन रु दुई लाख ५५ हजार र पर्यटक आश्रयस्थल भवन बनाउन रु ५५ हजार बराबरको श्रमदान गरेको बताउनुभयो। आश्रयस्थलमा एक सय जनाभन्दा बढी बस्न सक्छन्। बस्तीदेखि टाढा जङ्गलको बीचमा रहेको स्वर्गाश्रममा खान र बस्नको समस्या थियो। समुन्द्री सतहदेखि दुई हजार ५०० मिटर उचाइमा रहेको स्वर्गाश्रममा म्याग्दी र बागलुङबाट मानिस दृष्यावलोकन, भ्रमण र दर्शनका लागि पुग्न थालेपछि चहलपहल बढेको छ। प्राचीनकालदेखि नै ऋषि महर्षि र विद्वान् विदूषीको तपस्थली रहँदै आएको स्वर्गाश्रमबाट कालीगण्डकी, महारानी थान, जगन्नाथधाम, गलेश्वर धाम, मुक्तिनाथ, रिखार क्षेत्र र पौलस्त्य क्षेत्रको दर्शन गर्न सकिन्छ।

प्राकृतिकरुपमा अत्यन्त रमणीय, आध्यात्मिक आस्थाको केन्द्र, पर्यटकीय सम्भावनाले युक्त स्वर्गाश्रमबाट सातवटा तीर्थस्थलको दर्शन गर्न पाउनु अद्वितीय विशेषता भएको वडाध्यक्ष पदम पुनले बताउनुभयो। यहाँ तपस्वीनी ईश्वरानन्द सरस्वतीले २० वर्षसम्म कठोर तपस्या गरी सिद्धिप्राप्त गरेपछि देवघाटमा जानुभएको बताइएको छ। हाल यस क्षेत्रको प्रचारप्रसारका लागि समितिले तपस्वीनी ईश्वरानन्द सरस्वतीलाई पनि यही बोलाएको छ। अहिले तपस्वीनी सरस्वती घना जङ्गलको बीचमा रहेको स्वर्गाश्रममा एक्लै तप र ध्यान गरेर बसिरहनुभएको छ।

तपस्वीनी सरस्वतीका अनुसार पनि एकै ठाउँबाट सातवटा तीर्थस्थल दर्शन गर्न सकिने नेपालको एकमात्र ठाउँ स्वर्गाश्रम नै हो। स्वर्गाश्रमको ढोकाबाट पूर्वतर्फ सुन्दर बेनी बजारसँगै कालीगण्डकी, महारानी थान, उत्तरतर्फ गलेश्वरधाम, जगन्नाथधाम, मुक्ति क्षेत्रलगायतका तीर्थस्थलको अवलोकन गर्न सकिने उहाँले बताउनुभयो।

दलितका नाममा विभेदविरुद्ध सामाजिक अभियान चलाइनुपर्ने

रासस
काठमाडौं, १३ असार

दलितका नाममा विभेदको अन्त्यका लागि सामाजिक अभियान चलाइनुपर्नेमा अगुवाहरूले जोड दिनुभएको छ। सुशील कोइराला मेमोरियल फाउन्डेसनले जुम प्रविधिबाट आयोजना गरेको अन्वेषण यात्रा कार्यक्रमअन्तर्गत सामाजिक स्तरीकरण र यसको प्रभाव विषयक कार्यक्रमका सहभागीले सबै जात जातिबीच सामाजिक सद्भावको वातावरण बनाउने गरी काम गरिनुपर्नेमा जोड दिनुभएको हो।

राष्ट्रिय दलित आयोगका संस्थापक सदस्य सचिव एवं सामाजिक अभियानकर्मी दुर्गा सोबले विभेद गरेको आरोपमा हिरासतमा रहेकालाई बहालवाला मन्त्रीले गाडीमै फिर्ता लैजानु आपत्तिजनक रहेको बताउनुभयो। यस्तो कर्मले सामाजिक रूपमा शक्तिमा हुनेले जे गरे पनि हुने सन्देश गएको उहाँको भनाइ थियो।

अधिवक्ता प्रकाश नेपालीले शासन सत्तामा दलित समुदायको प्रतिनिधित्व रोक्ने गरिएको बताउँदै दलित समुदायको स्तरीकरण गरिनुपर्नेमा जोड दिनुभयो। दलित समस्या समाधानका लागि सुधार गर्नुपर्ने धेरै कानून भए पनि काम हुन नसकेको उहाँको भनाइ थियो। सामाजिक न्याय स्थापित हुने गरी राज्यले काम गर्नुपर्नेमा त्यसो हुन नसकेको अधिवक्ता नेपालीको भनाइ थियो। दलित समुदायलाई शासन सत्ता र नीति निर्माणमा मूल प्रवाहीकरण नगरेसम्म रुपा सुनार, नवराज विकका जस्ता घटना समाजमा भइरहने अभियानकर्मीको भनाइ छ।

वडामा दलित महिला सदस्यको प्रतिनिधित्वको व्यवस्था भए पनि नीति निर्माणमा यसको प्रभाव पर्न नसकी नाममात्रको उपस्थिति रहन गएको गुनासो बढ्न थालेको छ। विसं २०६८ को जनगणनाअनुसार नेपालमा दलितको जनसङ्ख्या १३.८ प्रतिशत छ। दलितमा ४२ प्रतिशत गरिबी छ। नेपाल प्रहरीमा दलितको प्रतिनिधत्व नौ प्रतिशतमात्र छ। न्यायिक क्षेत्रमा एक प्रतिशतमात्र दलित समुदायको पहुँच छ। दलित समुदायमा साक्षरता प्रतिशत ५२.४ छ। दलित महिला ४५.५ प्रतिशत साक्षर छन्। तराइमा ४४ र पहाडमा १५ प्रतिशत दलित भूमिविहीन छन्।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५ सिद्धमार्ग लेन नं. १ बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम: सिद्धमार्ग लेन नं. १ बाटो निर्माण
स्थान: पोखरा-१५ फलेपाटन, सिद्धमार्ग
योजना सम्झौता मिति : २०७८/०२/२१ गते
योजना सुरु हुने मिति: २०७८/०२/२२ गते
योजना सम्पन्न मिति : २०७८/०३/१० गते
योजनाको कुल लागत : रु. ६,४२,००० ।-
महानगरपालिकाबाट प्राप्त रकम : रु.३,२१,०००।-
जन सहभागितावाट : रु.३,२१,०००।-

उपभोक्ता समिति अध्यक्ष: बल बहादुर गौतम
सचिव: प्रेम प्रसाद पोखेल
कोषाध्यक्ष: चादनी थापा

सिद्धमार्ग लेन नं. १ बाटो निर्माण समिति
पोखरा-१५ फलेपाटन, सिद्धमार्ग

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पो.ले.म.न.पा. वडा नं. ९ स्थित नयाँवजारमा रहेका महेन्द्र मावि र नवप्रभात माविको भौतिम संरचना निर्माण गर्दा निम्न अनुसारको खर्च तथा आम्दानी भएको सरोकारवालाको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

योजनाको नाम : महेन्द्र मावि, नवप्रभात मावि भौतिक संरचना निर्माण
योजनाको कुल लागत : रु. १४,१९,०००/-
सम्झौता मिति : २०७७/११/२५ गते
योजना शुरु मिति : २०७७/११/२६ गते
योजना सम्पन्न मिति : २०७८/०२/२५ गते
सांसद विकास कोषबाट : ९,९३,०००/-
विद्यालयको कोषबाट : ४,२६,०००/-

भावना श्रेष्ठ
अध्यक्ष
महेन्द्र मावि, नवप्रभात मावि भौतिक संरचना निर्माण समिति पोखरा-९, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पो.ले.म.न.पा. वडा नं. ९ स्थित नयाँवजारमा रहेको श्री नवप्रभात माविको चमेना गृह निर्माण गर्दा निम्न अनुसारको खर्च तथा आम्दानी भएको सरोकारवालाको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

योजनाको नाम : श्री नवप्रभात मावि चमेना गृह निर्माण
योजनाको कुल लागत : रु. ७,८१,१७३/-
सम्झौता मिति : २०७७/०९/०२ गते
योजना शुरु मिति : २०७७/०९/०३ गते
योजना सम्पन्न मिति : २०७७/१२/१५ गते
वडा स्तरिय वजेटबाट : ७,००,०००/-
विद्यालयको कोषबाट : ८१,१७३/-

विष्णुराज पराजुली
अध्यक्ष
श्री नवप्रभात मावि चमेना गृह निर्माण समिति पोखरा-९, कास्की